आज मिति २०८१।०३।०९ गते (ने.स. ११४४ तछलागा पारु) आईतबारका दिन विहान १०:०० बजे अन्नपूर्ण गाउँपालिका म्याग्दीको गाउँ कार्यपालिकाको आ.व. २०८०/८१ को २३ औ बैठक गाँउपालिका अध्यक्ष श्री भारत कुमार पुनको अध्यक्षतामा तपसिलको उपस्थितिमा सम्पन्न भयो।

तपसिल :

| नाम थर | पद | हस्ताक्षर |
|---|---|---|
| भारत कुमार पुन | अध्यक्ष | |
| दिवा कुमारी तिलिजा पुन | उपाध्यक्ष | |
| दिलिप कुमार गर्बुजा | सदस्य ( वडा नं. १ अध्यक्ष) | |
| ओम प्रसाद फगामी | सदस्य( वडा नं. २ अध्यक्ष) | |
| रमेश पुर्जा | सदस्य( वडा नं. ३ अध्यक्ष) | |
| लोक बहादुर फगामी | सदस्य( वडा नं. ४ अध्यक्ष) | |
| राजेश तिलिजा पुन | सदस्य( वडा नं. ५ अध्यक्ष) | |
| राम बहादुर खड्का | सदस्य( वडा नं. ६ अध्यक्ष) | |
| मइलन पुर्जा पुन | सदस्य( वडा नं. ७ अध्यक्ष) | |
| खम बहादुर गर्बुजा पुन | सदस्य( वडा नं. ८ अध्यक्ष) | |
| देव कुमारी पुन | सदस्य | |
| गेम माया पुन | सदस्य | |
| आशा गुरुङ्ग | सदस्य | |
| विष्णु कुमारी गर्बुजा | सदस्य | |
| विर बहादुर पौडेल | सदस्य | |
| मिठु वि.क | सदस्य | |
| अमृत सुवेदी | सदस्य-सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |
| भिम बहादुर सेर्पुजा | का.वा. वडाध्यक्ष ( वडा नं ४)- आमन्त्रित सदस्य | |

आमन्त्रित :

१) रमेश थापा, सूचना प्रविधि अधिकृत

२) प्रेम पराजुली, वरिष्ठ लेखा सहायक

अन्नपूर्ण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पोखरेबगर म्याग्दी

गण्डकी प्रदेश, नेपाल।

कार्यपालिका बैठक मिति : २०८१।०३।०९ गते

समय : दिनको १०:०० बजे

कार्यपालिका बैठकको एजेण्डा अध्यक्षबाट स्वीकृत मिति : २०८१।०३।०६ गते

<u>मिति २०८१।०२।३२ गतेको कार्यपालिका बैठकका प्रस्तावहरू</u>

प्रस्ताव नं. १ पूर्व निर्णयहरुको समीक्षा सम्बन्धमा,
प्रस्ताव नं. २ स्थानीय आर्थिक सर्वेक्षण स्वीकृत गर्ने सम्बन्धमा,
प्रस्ताव नं. ३ आ.व. २०८१/८२ को नीति तथा कार्यक्रम स्वीकृत गर्ने सम्बन्धमा,
प्रस्ताव नं. ४ बजेट वक्तव्य २०८१ स्वीकृत गर्ने सम्बन्धमा,
प्रस्ताव नं. ५ विनियोजन विधेयक २०८१ स्वीकृत गर्ने सम्बन्धमा
प्रस्ताव नं. ६ मध्यमकालिन बजेट खाका स्वीकृत गर्ने सम्बन्धमा,
प्रस्ताव न. ७ आर्थिक विधेयक २०८१ स्वीकृत गर्ने सम्बन्धमा,
प्रस्ताव नं. ८ न्यायिक समितिको प्रतिवेदन सम्बन्धमा
प्रस्ताव नं. ९ विपद व्यवस्थापन समितिको प्रतिवेदन सम्बन्धमा,
प्रस्ताव नं. १० हाल सम्म भएका खर्चलाई अनुमोदन गर्ने सम्बन्धमा,
प्रस्ताव नं. ११ हालसम्म भएका निर्णयहरुलाई अनुमोदन गर्ने सम्बन्धमा,
प्रस्ताव न. १२ गैर सहकारी संस्थाहरुले पेश गरेका आयोजना/ कार्यक्रमहरुको सम्बन्धमा
प्रस्ताव नं. १३ चालु आ.व.को बजेट संशोधन सम्बन्धमा,

प्रमुख प्रशासकीय अधिकृत

अन्नपूर्ण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

निर्णय नं १:

प्रस्ताव नं १ उपर छलफल गर्दा कार्यपालिकाले गरेका अधिकांश निर्णयहरु कार्यन्वयन भएको पाईयो।

निर्णय नं २:

प्रस्ताव नं २ उपर छलफल गर्दा अन्नपूर्ण गाउँपालिकाको आ.व. २०८०/०८१ को स्थानीय आर्थिक सर्वेक्षण स्वीकृत गरी अनुमोदनको लागि सभामा पेश गर्ने ।

निर्णय नं ३:

प्रस्ताव नं ३ उपर छलफल गर्दा अन्नपूर्ण गाउँपालिकाको आ.व. २०८१।०८२ को नीति तथा कार्यक्रम स्वीकृत गर्ने र पारित गर्न सभामा पेश गर्ने ।

निर्णय नं. ४:

प्रस्ताव नं. ४ उपर छलफल गर्दा अन्नपूर्ण गाउँपालिकाको आ.व. २०८१।०८२ को बजेट बक्तव्य स्वीकृत गर्ने र पारित गर्न सभामा पेश गर्ने ।

निर्णय नं. ५:

प्रस्ताव नं. ५ उपर छलफल गर्दा अन्नपूर्ण गाउँपालिकाको आ.व. २०८१।०८२ को विनियोजन विधेयक स्वीकृत गर्ने र पारित गर्न सभामा पेश गर्ने ।

निर्णय नं. ६ :

प्रस्ताव न. ६ उपर छलफल गर्दा आगामी आ.व. २०८१/०८२ को निर्माण गर्दा आगामी ३ बर्षको बजेट प्रक्षेपण गरिएको मध्यमकालीन बजेट खाका स्वीकृत गर्ने ।

निर्णय नं. ७:

प्रस्ताव नं. ७ उपर छलफल गर्दा अन्नपूर्ण गाउँपालिकाको आ.व. २०८१।०८२ को आर्थिक विधेयक स्वीकृत गर्ने र पारित गर्न सभामा पेश गर्ने ।

निर्णय नं. ८:

प्रस्ताव नं. ८ उपर छलफल गर्दा अन्नपूर्ण गाउँपालिकाको चालु आ.व. २०८०।८१ को भएका न्यायिक काम कारबाही सम्बन्धी न्यायिक समितिको सचिवालयले तयार पारेको न्यायिक समितिको प्रतिवेदन सभामा पेश गर्ने।

अन्नपूर्ण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

निर्णय नं. ९

प्रस्ताव नं. ९ उपर छलफल गर्दा अन्नपूर्ण गाउँपालिकाको चालु आ.व. २०८०।८१ को भएका विपद् व्यवस्थापन सम्बन्धी कामकारवाहीको सम्बन्धमा विपद् व्यवस्थापन समितिले तयार पारेको बार्षिक प्रतिवेदन सभामा पेश गर्ने ।

निर्णय नं. १०

प्रस्ताव नं. १० उपर छलफल गर्दा हाल सम्म भएका सबै खर्चहरु अनुमोदनको लागि सभामा पेश गर्ने ।

निर्णय नं. ११

प्रस्ताव नं ११ उपर छलफल गर्दा हाल सम्म भएका कार्यपालिकाको निर्णयहरु, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतबाट भएका निर्णयहरु अनुमोदनको लागि सभामा पेश गर्ने ।

निर्णय नं. १२

प्रस्ताव नं १२ उपर छलफल गर्दा तपसिलका गैरसरकारी संस्थाहरुले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५ मा भएको व्यवस्था अनुसार यस गाउँपालिका क्षेत्रभित्र आगामी आ.व. २०८१।८२ मा गाउँपालिकाको समन्वयमा सञ्चालन गर्न आफ्नो बार्षिक योजना, कार्यक्रम पेश भएकाले स्वीकृत गरी अनुमोदनको लागि सभामा पेश गर्ने ।

| क्र.स. | संस्थाको नाम | कार्यक्रम/आयोजनाको नाम | बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | गोर्खा वेल्फेयर ट्रष्ट नेपाल | लेकगाउँ खानेपानी आयोजना | ३३,६९,०८१.७३।- | |
| | | नारच्याङ खानेपानी आयोजना | ६७,७०,०७८.०५।- | |
| २ | समृद्ध ग्रामिण नेपालको लागि शैक्षिक उन्नयन (LEARN) | विद्यालय शिक्षा सहयोग कार्यक्रम (SESP) | ४०,७०,६४०।- | |
| ३ | हिमालय संरक्षण सस्था-नेपाल | वडा नं ७ टिकोट र वडा नं. ८ राम्चेमा कृषि सम्बन्धी कार्यक्रम | १४,७८,७४०।- | |

अन्नपूर्ण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
...

निर्णय नं. १२

चालु आ.व.का लागि तपशिल बमोजिम बजेट संशोधन गर्ने ।

१) 'पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन' शीर्षकमा बजेट कम हुने भएकाले 'कर्मचारी करार सेवा शुल्क' शीर्षकबाट रु ३ लाख रकमान्तर गर्ने ।

२) दोवामा ५ शैया अस्पतालको दायित्व भुक्तानी गर्न चालु आ.व.मा रु ५० लाख प्राप्त हुने LMBIS मा देखिएको तर २०८० श्रावणमा नै LMBIS मा रोक्का भएको छ । उक्त अस्पतालको लागि रकम रु १६ लाख ५४ हजार नयाँ प्राप्ति भै दायित्व भुक्तानी भैसकेको छ। त्यसकारण उक्त ५० लाखले बजेट सीमा वृद्धि गरेको तर रोक्का हुँदा खर्च गर्न नसकिने (पूर्व दायित्व तिर्न आवश्यक समेत नपर्ने) भएकाले बजेट सीमाबाट हटाउने ।

अमृत सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

अन्नपूर्ण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल